# गलकोटपत्र

'स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर'

Galkotpatra Weekly — साप्ताहिक






सामुदायिक रेडियो गलकोट
१०२ थोप्लो ४ मेगाहर्ज नियमित
रूपमा सुन्ने गरौं ।



○ वर्ष १६ ○ अङ्क २८ ○ २०८३ भदौ १५ गते सोमबार ○ नेपाल संवत ११४६ ○ 31 August 2026, Monday ○ पृष्ठ ६ ○ मूल्य रु. ८


## हटियामा गाईजात्रा प्रदर्शन

गलकोटपत्र/हटिया

नेवार समुदायले दिवङ्गत आफन्तको सम्झनामा गलकोट नगरपालिका वडा नम्बर ३ हटियामा शनिवार गाईजात्रा प्रदर्शन गरेका छन् ।

एक वर्षयता दिवंगत भएका आफन्तको आत्माको शान्तिको कामना गर्दै देशैभरका नेवार समुदायले गाईजात्रा मनाउँछन् ।

निधन भएका परिवार सदस्यको सम्झनामा गलकोटमा शनिवार तायाः मचा बनाएर हटिया बजार परिक्रमा गरिएको छ । गाईजात्रा मृत्यु संस्कारसँग सम्बन्धित पर्व हो । तायाः मचा हटियाको माईको थान, भिमसेन थान, हटिया बजार परिक्रमा गराईएको मंकाखल हटियाका सचिव सुरेन्द्र श्रेष्ठले जानकारी दिए ।



तायाः मचा अर्थात् गाईजात्रा देखाएपछि मृतकको आत्माले शान्ति पाउने भन्ने कथन छ । मृतकको मृत्यु भएको दिनदेखि ताया मचा निकाले दिनसम्म परिवारले मृतकको सम्झनामा विभिन्न मृत्यु संस्कार कार्यक्रम गर्छन् । त्यसमध्ये ताया मचा नाच देखाउने दिन पनि विशेष दिन हो ।

हिन्दु धर्मग्रन्थ पद्मपुराणमा उल्लेख भएअनुसार यमलोकको मुख्यढोका वर्षभरि बन्द रहने र पृथ्वीलोकमा गाईजात्रा निकालेपछि यमलोकको ढोका खुल्ने तथा मृतआत्माले यमलोक प्रवेश पाई मुक्ति पाउने मान्यताका साथ गाईजात्रा मनाउने गरिन्छ ।

गाईलाई बजार परिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ । पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन राजा प्रताप मल्लले 'जनतालाई आ–आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली शहर परिक्रमा गराउनु' भनी आज्ञा दिएपछि गाईजात्रा शुरु भएको मान्यता छ ।

घरघरबाट गाईजात्रा निकाले पछि पनि रानीको मन शान्त हुन नसकेकाले

»» बाँकी पृष्ठ ४ मा .

## लोकमार्गमा नयाँ ठेक्काको तयारी

गलकोटपत्र/हटिया

सडक कालोपत्रका लागि ठेक्का लगाएको १० वर्ष सम्म सम्पन्न हुन नसकेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ सदरमुकाम खण्डमा पुनः नयाँ ठेक्का लगाउने तयारी गरिएको छ ।

दुई वर्षमा कालोपत्र सक्नुपर्ने गरी भारत/सिद्धिसाई जेभी संग गरिएको सम्झौता नौ वर्षमा तोडिएपछि पुन ठेक्का लगाउने तयारी भएको हो । पाँच पटक म्याद थप्दा समेत काम सम्पन्न नगर्ने ठेकेदारको सम्झौता रद्द गरी असुल उपरको प्रकृयासँगै नयाँ ठेक्का लगाउने तयारी गरिएको हो । मध्यपहाडी लोकमार्गको बागलुङ सदरमुकादेख बिहुँ सम्मको खण्डमा पुरानो ठेक्का सम्झौता तोडेर रु. ९ करोड ३६ लाख रकम असुल उपरसँगै नयाँ ठेक्का सम्झौताका लागि मुल्याङ्कन र लागत अनुमानको प्रतिवेदन स्रोत सुनिश्चितताका राष्ट्रिय योजना आयोग मार्फत अर्थ मन्त्रालय पठाइएको छ ।

निर्माण व्यवसायीको चरम लापरवाहीको उदाहरण बनेको लोकमार्गको बागलुङ–बिहुँ खण्डमा २०८२ पुस १७ गते ठेक्का तोडेपछि सडक झनै जीर्ण बन्दै गएको छ । २०८२ पुस १७ गते ठेक्का सम्झौता रद्द गरीएको आयोजनाको ८ महिनापछि पुन ठेक्का लगाउने प्रकृयामा पुगेको मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालय पर्वतका सूचना अधिकारी इन्जिनियर उज्जल शर्माले जानकारी दिए । दुई वर्षमा कालोपत्र सक्नुपर्ने राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ–बिहुँ खण्ड नौ वर्षदेखि सम्पन्न हुन नसक्दा नागरिकको चर्को आलोचना सँगैठेक्का रद्द गरिएको थियो । ठेक्का रद्द भएको सडकको ८ महिना यता सडकको अवस्था झनै बिग्रदै गएको छ भने सम्पन्न भएको पूर्वाधारमा समेत क्षति पुगेको छ । १३ किमि सडक नौं वर्षमा सम्पन्न नभएका कारण गत पुषमा ठेक्का रद्द गरिएको र पुन ठेक्का लगाउने अन्तिम तयारी भएको शर्माले जानकारी दिए ।

"आठ महिनादेखि प्राविधिक काम गर्दै आएका थियौं, पुरानो ठेकेदारले गरेको काम र नयाँ ठेक्कामा थप्नुपर्ने पूर्वाधार लगायतको अध्ययन प्रतिवेदन सहित करिब २५ करोडको स्रोत सुनिश्चतता अर्थमन्त्रालयमा माग गरिएको छ" इन्जिनियर शर्माले भन्नुभयो "ठेक्का रद्द गरिएको ठेकदारबाट रु. नौ करोड ३६ लाख असुल उपर गर्नुपर्ने अध्ययन प्रतिवेदनले देखाएको छ, राज्यले असुल उपर गर्दै नयाँ ठेक्का छिट्टै खोल्ने तयारीमा छ, चार महिना भित्र नयाँ ठेक्का लाग्ने संभावना छ ।"

नौं वर्षमा पाँच पटक म्याद थप्दा समेत नसकिएको सडक ठेक्का रद्द गरेर पुन ठेक्काका जान ८ महिना वितिसकेको छ ।

»» बाँकी पृष्ठ ४ मा .

## बाढी पीडितलाई नगरपालिकाको सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिकाले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि ६ लाख ७० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।

गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेको अध्यक्षतामा बसेको बैठकले बाढी प्रभावित नागरिकलाई राहत उपलब्ध गराउने निर्णय गरेको हो । गलकोट नगरपालिका, नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको तर्फबाट नगद ६ लाख ७० हजार रुपैयाँ राहत रकम सहयोग गर्ने निर्णय गरिएको गलकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर जि.सी.ले जानकारी दिए ।

बाढीका कारण कठिन परि स्थितिमा रहेका प्रभावित परिवारलाई तत्काल राहत तथा आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले उक्त रकम सहयोग गर्न लागिएको नगरपालिकाले जनाएको छ ।

साथै प्रभावित परिवारको उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका कार्यमा सबै पक्षबाट आवश्यक सहयोग र सहकार्य गर्न नगरपालिकाले आग्रह गरेको छ ।

विपद्को यस घडीमा स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय, सामाजिक संघ–संस्था, राजनीतिक दल, निजी क्षेत्र तथा आम नागरिकबीच सहयोग र मानवीय भावना अझ बलियो बनाउन आवश्यक रहेको नगरपालिकाले जनाएको छ ।

भोटेकोशी बाढीका कारण रसुवा, नुवाकोट लगायतका जिल्लामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै गलकोट नगरपालिकाले दिवंगतप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ । साथै बाढीबाट घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित क्षेत्रको जनजीवन यथाशीघ्र सामान्य अवस्थामा फर्किनको लागि कामना समेत गरेको छ ।

## विशेषज्ञ स्वास्थ्य शिविर

गलकोटपत्र/हटिया

गलकोटमा शिक्षकहरूलाई लक्षित गरी नसर्ने रोगको निःशुल्क स्क्रिनिङ तथा विशेषज्ञ स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

गलकोट नगरपालिकाको आयोजनामा गलकोट बहुमुखी क्याम्पस र गलकोट माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्बर ३ मा अध्यापनरत शिक्षक–शिक्षिकाका लागि उक्त स्वास्थ्य शिविर सञ्चालन गरिएको हो ।

शिविरमार्फत शिक्षकहरूको स्वास्थ्य अवस्थाबारे प्रारम्भिक परीक्षण तथा आवश्यक परामर्श प्रदान गरिएको थियो । पछिल्लो समय नसर्ने रोगको जोखिम बढ्दै गएकाले समयमै स्वास्थ्य परीक्षण गरी रोगको पहिचान, रोकथाम तथा आवश्यक उपचारतर्फ ध्यान दिनुपर्ने उद्देश्यले शिविर आयोजना गरिएको गलकोट नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

शिविरमा मुटु तथा रक्तनलीको जाँच, मिर्गौलाको जाँच, मधुमेहको जाँच, आयुर्वेदिक स्वास्थ्य सेवा लगायतका विभिन्न स्वास्थ्य सेवाहरु निःशुल्क रूपमा प्रदान गरिएको थियो । स्वास्थ्य परीक्षणसँगै स्वास्थ्यकर्मीहरूले नसर्ने रोगबाट बच्न अपनाउनुपर्ने सावधानी, खानपान, नियमित व्यायाम तथा स्वस्थ जीवनशैलीका विषयमा समेत आवश्यक परामर्श दिईएको थियो ।

गलकोट नगर अस्पतालका प्रमुख डाक्टर राजेश पौडेलसहित स्वास्थ्यकर्मीहरूको टोलीले शिविरमा सहभागी शिक्षक–शिक्षिकाहरूको स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरेका थिए । शिविरबाट शिक्षकहरूले आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै सम्भावित स्वास्थ्य समस्याको समयमै पहिचान गर्न सहयोग पुगेको बताएको छ ।

नगरपालिकाले नागरिकको स्वास्थ्यप्रति सचेतना बढाउँदै रोग लागेपछि उपचार गर्नुभन्दा रोगको समयमै पहिचान र रोकथामलाई प्राथमिकता दिने उद्देश्यले यस्ता स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ । शिक्षकहरू स्वस्थ रहेमा विद्यालयको शैक्षिक वातावरण समेत प्रभावकारी बन्ने भएकाले लक्षित समूहका रुपमा शिक्षकहरूका लागि स्वास्थ्य शिविर सञ्चालन गरिएको नगरपालिकाको भनाइ छ ।

## गुणस्तरीय सिकाइ कार्यशाला

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. १० पाण्डवखानीमा अवस्थित पाण्डवखानी माध्यमिक विद्यालयमा गुणस्तरीय सिकाइ सम्बन्धी तीनदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलक घर्तिको अध्यक्षतामा सञ्चालित यस गोष्ठीमा मगर अध्ययन केन्द्रका अध्यक्ष हर्कबहादुर थापा, शिक्षाविद् डा. नरमाया थापा, विज्ञ गोविन्द पुन, विज्ञ माया रोका र विज्ञ गोपाल रानाले सहजकर्ताको रुपमा सहजीकरण गरेका थिए । जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, आमा समूह तथा सरोकारवालाहरूबीच विभिन्न क्षेत्रमा कार्य विभाजन गरिएको छ । विद्यालयको कार्ययोजना तयार गरी शैक्षिक तथा भौतिक अवस्था, देखिएका समस्या र तिनका समाधानका उपायहरूमाथि विस्तृत छलफल गरिएको छ । छलफलका क्रममा औंल्याइएका ३३ वटा बुँदाहरूमध्ये विशेष गरी २२ वटा बुँदाहरूमा उल्लेखित विषयलाई मुख्य समस्याको रुपमा टिप्पणी तयार पारिनुका साथै, सरोकारवालाहरूको भूमिकाबारे पनि विस्तृत अन्तरक्रिया सम्पन्न भएको छ ।

कार्यशालाको अन्तिम तथा तेस्रो दिन विद्यालय परिवार र विज्ञ टोली प्रत्येक टोल–टोलमा पुगी समुदायसँग प्रत्यक्ष सहकार्य गरिएको थियो । यसैक्रममा विद्यालयको विद्यमान अवस्थाबारे बुझ्ने तथा

»» बाँकी पृष्ठ ४ मा .


# गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रुपमा सम्झनुहोस् ।

गलकोट नगरपालिका–३ क्याम्पसगेट हटिया, बागलुङ




विवाह कार्ड छपाई गर्ने ठाउँ !

अफसेट छपाई | फ्लेक्स छपाई | सेल्फ स्ट्याम | टाइपिङ, फ्टोटोकपी | टी–शर्ट प्रिन्ट | लेमिनेसन | ग्राफिक्स डिजाइन

कार्यक्रमका प्रमाण–पत्र, ब्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् । प्रो. ज्ञान खड्का सागर फो. ०६८–४१००७१, ९८५७६११३७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

सम्पादकीय ✍...........

# विपद्मा हातेमालो गरौं

नेपाल र नेपालीको लागि २०८३ भदौ १० गते अविस्मरणीय कालो दिन बन्न पुग्यो । भोटेकोशी हुदै त्रिशुलीमा आएको बाढीले विभिन्न स्थानमा ठूलो जनधनको क्षति पुऱ्याएको छ। बाढीका कारण कतिपय परिवारले आफ्ना घरबास, खाद्यान्न, लत्ताकपडा तथा जीविकोपार्जनका साधन गुमाएका छन् । प्राकृतिक विपत्तिले निम्त्याएको यो पीडाले प्रभावित परिवारलाई तत्काल राहतसँगै दीर्घकालीन पुनर्स्थापनाको आवश्यकता औँल्याएको छ। यस्तो कठिन परिस्थितिमा पीडितको दु:खलाई केवल सरकारको जिम्मेवारीका रूपमा हेर्नुभन्दा राज्य, निजी क्षेत्र, सामाजिक संघसंस्था तथा आम नागरिक सबैले हातेमालो गर्नु आवश्यक छ । विपत्तिपछि तत्काल उद्धार, राहत र स्वास्थ्य सेवाको व्यवस्था गर्नु पहिलो प्राथमिकता हो । तर राहत वितरण गरेर मात्र पीडितको समस्या समाधान हुँदैन। घरबार गुमाएकालाई सुरक्षित आवास, बालबालिकाको शिक्षाको निरन्तरता, खानेपानी तथा स्वास्थ्य सुविधा र गुमेको जीविकोपार्जन पुन:स्थापित गर्ने कार्यक्रम आवश्यक हुन्छ । त्यसैले सरकारले क्षतिको यथार्थ विवरण संकलन गरी पारदर्शी र प्रभावकारी पुनर्स्थापना योजना अघि बढाउनुपर्छ ।

बाढीपीडितका नाममा संकलन हुने सहयोग वास्तविक पीडितसम्म पुग्नु पनि उत्तिकै महत्वपूर्ण छ। सहयोगको रकम तथा सामग्री वितरणमा पारदर्शिता र जवाफदेहिता कायम हुनुपर्छ । स्थानीय तहले पीडितको पहिचान गरी आवश्यकताका आधारमा राहत र पुनर्स्थापनाको प्राथमिकता निर्धारण गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय भएमा सीमित स्रोतसाधनबाट पनि ठूलो उपलब्धि हासिल गर्न सकिन्छ । यस विपत्तिको समयमा निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारमाध्यम, युवा तथा विभिन्न सामाजिक संघसंस्थाले पनि आफ्नो क्षमता र स्रोतअनुसार सहयोग गर्नुपर्छ। आर्थिक सहयोग मात्र होइन, श्रमदान, खाद्यान्न, लत्ताकपडा, शैक्षिक सामग्री तथा आवश्यक स्वास्थ्य सेवामार्फत पनि पीडितलाई साथ दिन सकिन्छ। विपत्तिमा एकले अर्कालाई सहयोग गर्ने नेपाली समाजको मानवीय संस्कारलाई अझ बलियो बनाउनु आजको आवश्यकता हो । बाढीबाट भएको क्षतिको पुनर्स्थापना गर्दै गर्दा भविष्यमा यस्ता विपत्तिबाट हुने क्षति न्यूनीकरणतर्फ पनि ध्यान दिनुपर्छ। जोखिमयुक्त क्षेत्रमा बस्ती व्यवस्थापन, नदी तथा खोलाको उचित व्यवस्थापन, पूर्वसूचना प्रणालीको विस्तार, सुरक्षित पूर्वाधार निर्माण र विपद् पूर्वतयारीलाई प्राथमिकता दिनुपर्छ। विकास निर्माणका नाममा प्राकृतिक स्रोत र जोखिम क्षेत्रको अव्यवस्थित दोहन गर्ने प्रवृत्तिमा समेत रोक लगाउन आवश्यक छ ।

आज बाढीपीडित परिवारलाई हाम्रो साथ, सहयोग र सहानुभूतिको आवश्यकता छ। विपत्तिले उनीहरूको घर भत्काए पनि आशा र आत्मविश्वास भत्किन दिनु हुँदैन । सरकारको प्रभावकारी नेतृत्व र नागरिकको सामूहिक सहयोगबाट पीडित परिवारलाई पुन: सामान्य जीवनमा फर्काउन सकिन्छ । भदौ १० को बाढीबाट प्रभावित नागरिकको पीडालाई सबैले साझा पीडाका रूपमा ग्रहण गरौं। राहतमा मात्र सीमित नभई दीर्घकालीन पुनर्स्थापनामा समेत योगदान गरौं। पीडितको पुनर्स्थापनाका लागि तीन वटा तहका सरकार, समुदाय र नागरिक सबैले हातेमालो गरौं । यही नै विपत्तिमा हातेमालो गरेर अगाडि बढनु हामी सबैको कर्तव्य र जिम्मेवारी हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१९९/५२०२१९/१००
धौ.अ.प्र.का.- ५२०१९३/५२०१०९/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३९९
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६९
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-९८५१०००७५८
हटिया प्रहरी चौकी :- ९८५७६९०१५८
नरेठाँटी प्रहरी चौकी: ९८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ९८५७६४०७५१
उप-प्रमुख:- ९८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६४८८८१
वार्ड नं.२:- ९८५७६२७२२२
वार्ड नं.३ :- ९८४७६६२९११
वार्ड नं.४:- ९८५७६४०८४६
वार्ड नं.५:- ९८४७७२०६६५
वार्ड नं.६:- ९८६१२९६३६५
वार्ड नं.७:- ९८५७६२२९२१
वाड नं.८:- ९८५७६२१११४
वार्ड नं.९:- ९८५७६२२८४२
वार्ड नं.१०:- ९८५७६२२१०८
वार्ड नं.११:- ९८५७६२९११५
प्रमुख प्र. अधिकृत:- ९८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ९८५७६२३५०१
उपाध्यक्ष:- ९८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६६११२१
वार्ड नं.२:- ९८५७६६११२२
वार्ड नं.३ :- ९८५७६६११२३
वार्ड नं.४:- ९८५७६६११२४
वार्ड नं.५:- ९८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ९८५७६६११११

# गाँजा खेतीबाट समृद्धि सपना



✍... झलक शर्मा

गण्डकी प्रदेशमा लामो समयदेखि चर्चामा रहेको गाँजा विधेयक अन्तत: प्रमाणीकरण भएको छ । गाँजालाई औषाधीजन्य उपयोगकालागि वैधता दिने उद्देश्यमा गण्डकी प्रदेशका सांसदहरू एकै कित्तामा उभिएका थिए । विगतदेखि नै गाँजाको वैधताको विषयमा संघीय संसददेखि प्रादेशिक संसदसम्म बेलाबेलामा बहस हुने गरेको थियो । गण्डकी प्रदेशमा भने गाँजाका विषयमा घनिभूत छलफल भइरहेको थियो । यस विषयमा त पक्ष र विपक्षमा बहस गर्ने वातावरण नै बनेन । प्रदेश सभामा सर्वसम्मत रुपमा पारित भई केबल प्रमाणीकरणको प्रतीक्षामा रहेको थियो । २०८२ साल कात्तिक २४ गते प्रदेश सभामा पेश भई २०८३ साल असार २५ गते सर्वसम्मत पारित भएको थियो ।संघीय कानुनसँग बाँझिएको भनी यही साउन ८ गते प्रदेश प्रमुख डिल्लीराज भट्टबाट सदनमा छलफलका लागि विधेयक फिर्ता पठाइएको थियो ।

पुन: साउन १५ गते विधेयक प्रदेश सभामा पेश गरियो । प्रदेशसभाले हुबहु पारित गऱ्यो । अन्तत साउन १८ गते औषाधीजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्न बनेको विधेयक प्रदेश प्रमुख डिल्लीराज भट्टबाट प्रमाणीकरण भयो । नेपालको वर्तमान संविधानको धारा २०१ को उपधारा ४ बमोजिम प्रदेश प्रमुखले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस विधेयकमाथि प्रदेश सभाले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुन: पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र प्रदेश प्रमुखले प्रमाणीकरण गर्नेछ भनी उल्लेख गरिएको छ । यिनै धारा र उपधाराको आधारमा टेकेर विधेयक प्रमाणिकरण भएको छ ।

सोही धाराको उपधारा ५ बमोजिम प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि विधेयक ऐन बन्नेछ । अबका दिनमा गण्डकी प्रदेशमा औषाधीजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्न कानुनी संयन्त्र तय हुने देखिन्छ ।अन्तर्राष्ट्रिय जगतमा गाँजा ग्रीन गोल्ड अर्थात् हरियो सुनको रुपमा प्रख्यात छ । आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्न औषाधीजन्य गुणको अनुसन्धान गरी स्वस्थ समाज निर्माण गर्न गाँजा खेतीको संवर्धन गर्न जरुरी छ ।हाम्रो कृषि क्षेत्र अझै पनि निर्वाहमुखीबाट मुनाफामुखीमा रुपान्तरण हुन सकेको छैन । निमुखा किसानको आयआर्जन सुधार गरी सबल अर्थतन्त्रको विकास गाँजाबाट हुन सक्छ ।

कम लागतमा नै गाँजा खेती गर्न सकिने हुँदा किसानले आफ्नो पसिनाको मूल्य पाउन सक्छन् ।आयुर्वेदिक चिकित्सामा पनि गाँजामा औषधीको गुण पाइने बताइन्छ । यसको विधिवत प्रयोगले पाचन प्रणाली सुधार हुने, श्वासप्रश्वासको समस्या समाधान, दुखाई कम गर्छ भन्ने विश्वास गरिन्छ । यसको पात, काण्डबाट कपडा, कागज, सौन्दर्य सामग्री पनि बन्ने गरेका छन् । गाँजाबाट करिब २ सय १६ वटा औषधी बन्ने प्रारम्भिक अनुमान गरिएको छ ।

विश्व स्वास्थ्य संगठनले समेत गाँजामा औषाधीजन्य गुण भएको स्वीकार गरिसकेको छ । गाँजाको सम्पूर्ण भागलाई औषाधीय र औद्योगिक प्रयोग गर्न सकिने हुँदा यसको दिनानु दिन महत्व बढ्दै गएको पनि देखिन्छ ।गण्डकी प्रदेशको विधेयकमा गाँजा खेतीलाई दुरुपयोग हुन नदिन कडा अन्तर्राष्ट्रिय मापदण्ड र प्रदेश सरकारको प्रत्यक्ष निगरानीको व्यवस्था गरिएको छ । सरकारले तोकेको निश्चित क्षेत्र र पूर्वसहमति प्राप्त जग्गाको क्षेत्रफलका आधारमा मात्रै अनुमतिपत्र लिएर खेती गर्न पाइने प्रावधान विधेयकमा छ । त्यसैगरी उत्पादित गाँजाको बोट, कटान र बिक्री वितरण गर्नुअघि सरकारसँग अनुमति लिनुपर्ने र गाँजाको हरेक भागको रसायनिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

औद्योगिक प्रयोजनका लागि उत्पादन गरिने गाँजाको बोटमा नशालु पदार्थ टेट्रा हाइड्रो क्यानिबिनोल (टिएचसी) को मात्रा ०.३ प्रतिशतभन्दा कम हुनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । गण्डकी प्रदेशका सांसदहरू गाँजाको दुरुपयोग गर्न नभई नियमन गर्न र संघीय व्यवस्थाको सवलीकरण र प्रभावकारिता अभिवृद्धि गर्न यो विधेयक ल्याएको बताउँछन् ।

संघीयमा रहेको लागु औषध (नियन्त्रण) ऐन २०३३ मा गाँजा, औषधीपयोगी गाँजा, अफीम, तैयारी अफीम, औषधीपयोगी अफीम, कोकाको झार र पातलाई लागू औषधको रुपमा परिभाषित गरेको छ । सोही ऐनको दफा ४ मा गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वापैठारी गर्न ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न निषेध र नियन्त्रण गरेको छ । तर सोही दफाको पहिलो संशोधनमा नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रुपमा आफैं उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस संग्रह गर्न, राख्ने र खरीद बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्थागर्न सक्नेछ र सो अनुसार अनुमति पत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफा अन्तर्गत अपराध गरेको मानिने छैन भनी उल्लेख गरेको छ ।

संघीय ऐन र नियमावली दुवै समयसापेक्ष नभएकाले तिनलाई नेपाली जनता, सरोकारवाला पक्षको भावना, माग बमोजिम ऐनको परिमार्जन तथा नयाँ कानुन तर्जुमा गरी बाधा अड्चन फुकाउनु जरुरी छ । मुलुकमा भएका प्राकृतिक स्रोत, साधनको अधिकतम उपयोग र त्यसको व्यवसायीकरण तथा बजारीकरण गर्ने ठोस कार्ययोजनामा राज्य बारम्बार चुकिराखेको छ । गाँजाको वैज्ञानिक मार्गचित्र, अनुसन्धान, प्रयोगलाई प्राथमिकता दिई गलत अभ्यास, प्रयोग र मानसिकताको अन्त्य गर्नु पर्दछ । गाँजाखेतीलाई लाभमा परिणत गर्न स्पष्ट दृष्टिकोण, राजनीतिक प्रतिवद्धताको खाँचो पर्दछ । यसकोसदुपयोग गर्न सके विगतमा गरेको निषेध वर्तमानमा लाभ र अवसरमा परिणत गर्न सकिन्छ । जहाँ राज्यले सही अवसरको वातावरण सृर्जना गर्दछ, त्यहाँ अवश्य सकारात्मक नतिजा प्राप्त हुन्छ ।

नेपाली जनता विशेषगरी युवापुस्तामा सचेतना अभिवृद्धि गरी कुलत तथा लागुऔषध दुव्यर्सनमा लाग्नबाट जोगाउनु, सरकारी संयन्त्रको समन्वय र सुरक्षा निकायको सक्रियताबाट मात्रै गाँजा खेतीको नियमन र वैधानिक उपयोगमा सफल कार्यान्वयन सम्भव छ ।गाँजाको दुरुपयोगबाट आर्थिक, सामाजिक, पारिवारिक तथा स्वास्थ्यसम्बन्धी समस्या आउन दिनु हुँदैन । गाँजा खेतीगर्न संवेदनशीलता अपनाउनु पर्दछ ।कतिपय अवस्थामा यसले आर्थिक हितमात्र गर्छ भन्नु गलत हुन सक्छ । यसको दुरुपयोगले समाजमा अशान्ति र असुरक्षालाई निम्त्याइ रहन्छ ।सर्वसाधरण जनताको सदाचार, स्वास्थ्य र आर्थिक समृद्धि कायम राख्न गाँजा खेतीको सुरुवात, विकास, प्रवर्द्धन, औषाधीजन्य प्रयोजनलाई नियमन गर्न आवश्यक छ ।

गाँजा खेतीकोसदुपयोग, औद्योगिक प्रयोजनका लागि राज्यको नीतिगत स्पष्टता र ठोस लगानी आवश्यक छ ।गाँजालाई वैधानिकता दिँदा किसान लाभान्वित हुनुभन्दा तस्कर र दलालहरूको बिगबिगी बढ्न सक्छ । यस्तो कानुन कार्यान्वयनमा आउँदा लाग्औषध दुर्व्यसनी बढ्ने, संगठित अपराध, आतंकवाद, सम्पत्ति शुद्धिकरण, यौनजन्य तथा अपराधिक गतिविधि बढ्दै जाने हुन सक्छ । यस्तो परिस्थिति आई लाग्नु भनेको मुलुकको शान्ति, सुरक्षा खतरामा पर्नु हो ।

गाँजा खेतीलाई खुला गरेरमात्र देश समृद्ध बन्छ भन्नु सत्य होइन । यसको सही नियमन, नियन्त्रण, भावी मार्गचित्र र योजनाबाट मात्र देशले मुहार फेर्न सक्छ।केही मानिसमा गाँजा धूपपानकारुपमा प्रयोग गर्ने नसालु पदार्थ हो भन्ने बुझाई छ । यसको बहुउपयोगिताबारे अध्ययन र प्रयोगबारे कमै व्यक्तिको ध्यान जाने गरेको छ ।कृषकले उत्पादन गरेको गाँजाको अनाधिकृतरुपमा प्रयोग हुन नदिन सतर्कता अपनाउन कृषकलाई सुझाव र सचेत गराउनु पर्दछ । गाँजाको उपयोग तथा यसले पार्ने सकारात्मक र नकारात्मक प्रभावको बारे सचेतना कार्यक्रम सञ्चालन

»» बाँकी पृष्ठ ४ मा".

# शेयर सदस्यलाई तरकारीको बीउ

गलकोटपत्र/हटिया

गौमुखी कृषि विकास सहकारी संस्था लिमिटेड गलकोट नगरपालिका वडा नम्वर ३ ले आफ्ना शेयर सदस्यहरुलाई नि:शुल्क तरकारीको बीउ वितरण गरेको छ ।

सहकारीले आफ्ना शेयर सदस्यहरुलाई कृषि कर्ममा लाग्नको लागि प्रोत्साहित गर्ने उद्देश्यले नि:शुल्क तरकारीको बीउ वितरण गरिएको सहकारीले जनाएको छ । सहकारीले शेयर सदस्यहरुलाई ५ प्रकारका तरकारीका बीउ (मुला, सिमी, रायो, केराउ र गाजर) को बीउ नि:शुल्क रुपमा वितरण गरेको सहकारीका उपाध्यक्ष श्याम सुन्दर श्रेष्ठले जानकारी दिए ।

शेयर सदस्यहरुलाई तरकारीको बीउ वितरण पछि बोल्दै सहकारीका अध्यक्ष देव बहादुर खत्रीले गौमुखी कृषि विकास सहकारी गलकोट क्षेत्रका कृषकहरू मिलेर स्थापना गरेको सहकारी भएकाले सहकारीले सुरुदेखि नै कृषकहरूको सेवा र सुविधालाई प्राथमिकतामा राख्दै आएको बताए । उनले आगामी दिनमा पनि कृषकको हित र कृषि क्षेत्रको विकासका लागि सहकारीले निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सहकारीका प्रबन्धक खिम साहानीले २ सय ३ जना शेयर सदस्यहरुलाई नि:शुल्क तरकारीको बीउ वितरण गरिएको जानकारी दिए । वितरण कार्यक्रम गौमुखी कृषि विकास सहकारी संस्थाका अध्यक्ष देवबहादुर खत्रीको अध्यक्षता, उपाध्यक्ष श्याम सुन्दर श्रेष्ठको स्वागत र सचिव गंगा बोहराको सञ्चालनमा सम्पन्न भएको थियो ।

# बालिका बलात्कार : कहाँ छ समस्या ?



शिव बगाले

बारामा बालिकाको बलात्कारपछि हत्या भएको घटनाले नेपाली समाज र राज्य संयन्त्रलाई पुनः एक पटक झस्काएको छ । बर्बरतापूर्वक बलात्कारपछि उनको हत्या गरिएको खुलेको छ । बर्बरताको अझ गम्भीर र डरलाग्दो पाटो, मुख्य अभियुक्त स्वयम् १६ वर्षीय किशोर हुनु हो । यसले हिंस्रक र आपराधिक मनोवृत्ति वयस्कमा मात्र होइन, किशोरावस्थामै गहिरिँदै गएको संकेत गर्छ । अनियन्त्रित डिजिटल विकृति, कमजोर निगरानी र नैतिक क्षयले किशोर मनोविज्ञानमै क्रूरताको बीजारोपण गरिरहेका छन् । यो एउटा अपराधीको मात्र समस्या होइन, हामी कस्तो पुस्ता हुर्काइरहेका छौं भन्ने सामाजिक र राज्यगत असफलताको प्रमाण हो ।

निर्मला पन्त, सम्झना कामी, भागरथी भट्टलगायत पछिल्लो घटनासम्म आइपुग्दा नेपाली समाजमा एउटा बर्बर र कारुणिक शृंखला निरन्तर दोहोरिइरहेको छ । पात्र, भूगोल र उमेर फेरिएका छन्, तर अपराधको क्रूरता, राज्यको लाचारी र पीडित परिवारको कहिल्यै नसकिने न्यायको पर्खाइ भने उस्तै छ ।

नेपालमा बालिका बलात्कार र हत्यापछि बारम्बार दोहोरिने आक्रोश, प्रदर्शन, भाषण र आश्वासनको चक्र केवल एउटा दुःखद घटनाप्रतिको प्रतिक्रिया होइन, यो राज्यको जवाफदेहिता र समाजको संवेदनशीलता दुवै क्रमशः क्षीण हुँदै गएको प्रमाण हो ।

घटना हुनासाथ सामाजिक सञ्जालमा पोखिने जनआक्रोश र माइतीघरमा बालिने बत्ती बहुसंख्यक नागरिकका लागि अपराधविरुद्धको लडाइँ नभई क्षणिक आवेग उत्सर्जन गर्ने मञ्च बनेका छन् ।घटना हुनासाथ सामाजिक सञ्जालमा पोखिने जनआक्रोश र माइतीघरमा बालिने बत्ती बहुसंख्यक नागरिकका लागि अपराधविरुद्धको लडाइँ नभई क्षणिक आवेग उत्सर्जन गर्ने मञ्च बनेका छन् । अर्कातर्फ, संसद्का रोस्ट्रममा गुन्जिने उत्तेजक भाषण र गृह मन्त्रालयले हतार–हतार गठन गर्ने छानबिन समितिहरू केवल जनताको आक्रोशलाई 'डाइभर्ट' गर्ने रणनीतिक औजार हुन् । राज्यको सम्पूर्ण ध्यान वास्तविक न्याय निरूपणमा भन्दा जनआक्रोश साम्य पार्ने 'इभेन्ट म्यानेजमेन्ट' मा केन्द्रित हुन्छ ।

सडकको नारा साम्य भएपछि सुरु हुने फितलो अनुसन्धान, राजनीतिक हस्तक्षेप र लम्बेतान अदालती प्रक्रियाले अन्ततः अपराधीलाई कानुनी छिद्रको फाइदा दिलाउँछ भने पीडित परिवारलाई जीवनभर थिलोथिलो बनाउँछन् । प्रहरी अनुसन्धान सुधार्न न कुनै बजेट जुट्छ, न त द्रुत अदालत नै गठन हुन्छ । जबसम्म आक्रोश केवल ट्रेन्डिङ 'ह्यासट्याग' र संसदीय भाषणमा सीमित रहन्छ, तबसम्म राज्यले वास्तविक सुधार गर्ने छैन । मौसमी संवेदना र संरचनात्मक संवेदनहीनता ढिलासुस्ती मात्र होइन, राज्यले नयाँ अपराधीहरूलाई दिएको मौन प्रोत्साहन र आपराधिक छुट हो ।

बालबालिकाविरुद्धको यौन हिंसा र हत्या केवल नेपालको मात्र समस्या नभई विश्वव्यापी मानवअधिकारको गम्भीर संकट हो । संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले सात वर्ष लगाएर तयार पारेको विश्वव्यापी अध्ययन अनुसार हाल जीवित रहेका मानिसमध्ये करिब एक अर्बले बाल्यकालमै कुनै न कुनै रूपको बलात्कार, यौनहिंसा वा दुर्व्यवहार भोगेका छन् । युनिसेफकै आकलन अनुसार विश्वभर प्रत्येक आठ बालिकामध्ये एक जना र ११ बालकमध्ये एक जना बाल्यकालमै बलात्कार वा यौन आक्रमणको सिकार बन्छन् । यस तथ्यांकमा अनलाइन यौन शोषण, डिजिटल उत्पीडन र गैर–सम्पर्कजन्य हिंसालाई समेत जोड्ने हो भने विश्वभरका पाँचमध्ये एक महिलाले बाल्यकालमै यौनहिंसा भोगेको कारुणिक यथार्थ सामुन्ने आउँछ ।

हालै प्रकाशन भएका जामा पेडियाट्रिक्स, द ल्यान्सेट र नेचर ह्युमन बिहेभियर जस्ता प्रतिष्ठित अन्तर्राष्ट्रिय मेडिकल जर्नलहरूमा प्रकाशित लेखहरूले पनि यस तथ्यलाई थप पुष्टि गरेका छन् । प्रकाशित लेखहरू अनुसार विश्वभर करिब पाँचमध्ये एक महिला र ६ मध्ये एक पुरुषले बाल्यावस्थामा यौनहिंसाको सामना गर्नुपरेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार विश्वभर हरेक वर्ष अनुमानित ४० हजार १ सय ५० जना १८ वर्षमुनिका बालबालिकाको हत्या हुने गर्छ । यो संख्या वास्तविक संख्याभन्दा निकै कम हो, किनकि धेरैजसो मुलुकमा दुर्व्यवहार र हिंसाका कारण भएका बाल मृत्युलाई दुर्घटना वा अन्य प्राकृतिक कारण भन्दै तथ्यांकमा लुकाउने गरिन्छ ।

दक्षिण एसियामा अवस्था अझै भयावह देखिन्छ । सन् २०२६ मा प्रकाशित नेपाली अनुसन्धानकर्ताहरूसमेत सहभागी रहेको दक्षिण एसिया केन्द्रित एक क्षेत्रीय अध्ययनले विश्वव्यापी रूपमा हुने बालहिंसाको सबैभन्दा ठूलो भार दक्षिण एसियामै रहेको देखाएको छ । सांस्कृतिक रुढिवादिता, लैंगिक असमानता, शक्ति सन्तुलनको अभाव र फितलो कानुनी संयन्त्रका कारण हाम्रा छोरीहरू विश्वका अन्य भूभागका बालिकाको तुलनामा धेरै गुणा बढी जोखिममा छन् ।

**उकालो लाग्दो आपराधिक ग्राफ**

नेपाल प्रहरीको वार्षिक तथ्यांकले मुलुकमा छोरीहरूको सुरक्षा अवस्था कुन हदसम्म खस्किएको छ भन्ने भयावह चित्र प्रस्तुत गर्छ । आर्थिक वर्ष २०८२/८३ मा मुलुकभर दर्ता भएका गम्भीर तथा जघन्य प्रकृतिका अपराधहरूमध्ये बलात्कारका घटना अग्रस्थानमा रहेका छन् ।

यो एक वर्षको अवधिमा मात्रै देशभर २ हजार ३ सय ८० वटा बलात्कारका उजुरी दर्ता भए, जुन अघिल्लो आर्थिक वर्षको २ हजार २ सय ५३ को तुलनामा उल्लेख्य वृद्धि हो ।

सडकको आक्रोश सेलाएपछि राज्यको सक्रियता पनि सेलाउने यही प्रवृत्तिले एउटा घटनाबाट अर्को घटनासम्म दण्डहीनताको खाली ठाउँ सिर्जना गर्छ, जहाँ अपराधीले उन्मुक्तिको सम्भावना देख्छन् र नयाँ अपराधले जन्म लिन्छ ।दर्ता भएका कुल बलात्कारका घटनाहरूमध्ये ६० प्रतिशतभन्दा बढी पीडित १८ वर्षमुनिका बालिकाहरू रहेका छन् । तथ्यांकहरूले बालिका बलात्कार कुनै भूलवश वा एकाध वर्षको अपवाद नभई नेपाली समाजमा जरा गाडेर बसेको निरन्तर र संरचनागत संकट हो भन्ने प्रस्ट पार्छन् ।

बलात्कार र हत्याका घटनासँगै बालिका हराउने र बेपत्ता हुने क्रम पनि उत्तिकै डरलाग्दो रूपमा बढिरहेको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा राजधानीबाट मात्रै मानिस हराएका २ हजार ६ सय ३९ वटा उजुरी परेका थिए, जसमध्ये बहुसंख्यक बालबालिका थिए । हराउने दरमा बालकको तुलनामा बालिकाको संख्या धेरै छ । राष्ट्रिय स्तरमा हेर्दा वार्षिक औसत तीन हजार बालबालिका हराउने गर्छन् । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार एकै आर्थिक वर्षमा ४ हजार ६ सय ४६ बालबालिका बेपत्ता भएका छन् । यसरी हराएका धेरैजसो बालिकाहरू यौन शोषण, मानव तस्करी र घरेलु हिंसाको चक्रव्यूहमा भासिने गरेका छन् ।

**कानुनी छिद्र र कार्यान्वयनमा शिथिलता**

नेपालमा बाल अधिकार र अपराध नियन्त्रणका लागि कानुनी व्यवस्था नै नभएको भने होइन । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ ले १० वर्षभन्दा कम उमेरकी बालिकालाई बलात्कार गरेमा वयस्क अपराधीलाई १६ देखि २० वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ । साथै, बलात्कारपछि हत्या गरिएको खण्डमा जन्मकैद वा थप कडा सजायको प्रावधान छ । तर, १६ देखि १८ वर्ष उमेर समूहका किशोरहरूले गरेको कसुरको हकमा भने वयस्कलाई हुने सजायको दुईतिहाइ मात्र सजाय हुने कानुनी लचकता छ । बारा घटनाका मुख्य अभियुक्त १६ वर्षीय किशोर रहेकाले वर्तमान बाल न्यायसम्बन्धी कानुनी प्रावधानहरू जघन्य अपराधको हकमा कत्तिको व्यावहारिक छन् भन्ने विषयमा गम्भीर बहस सिर्जना भएको छ । अपराधको प्रकृति र बर्बरतालाई उपेक्षा गरेर केवल उमेरलाई आधार मान्दा पीडितले पूर्ण न्याय नपाउने खतरा बढेको छ । तथापि, नेपालको मूल समस्या कानुनको अभावभन्दा कार्यान्वयनको कमजोरी र दण्डहीनताको संस्कार हो । अपराध अनुसन्धानमा हुने ढिलासुस्ती, घटनास्थलबाट वैज्ञानिक तथा फरेन्सिक प्रमाण संकलनमा हुने लापरबाही, राजनीतिक वा सामाजिक दबाव र पीडित परिवारलाई प्रलोभन वा दबाबमा पारेर मिलापत्र गराउने प्रवृत्तिले न्याय प्रक्रियालाई कमजोर बनाउँदै आएको छ । घटना घटेलगत्तै राज्यबाट आउने कडा प्रतिबद्धता र कारबाहीका घोषणा केही समयपछि सेलाउँछन् र फाइलहरू प्रशासनिक प्राथमिकताको भीडमा हराउँछन् । सडकको आक्रोश सेलाएपछि राज्यको सक्रियता पनि सेलाउने यही प्रवृत्तिले एउटा घटनाबाट अर्को घटनासम्म दण्डहीनताको खाली ठाउँ सिर्जना गर्छ, जहाँ अपराधीले उन्मुक्तिको सम्भावना देख्छन् र नयाँ अपराधले जन्म लिन्छ ।

शाभारः कान्तिपुर

# बढ्दै सम्बन्ध विच्छेदका मुद्दा

गलकोटपत्र/बागलुङ

बागलुङमा सम्बन्ध विच्छेदका घटना बढ्दै गएको पाइएको छ ।

जिल्ला अदालत बागलुङमा आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका तथा अघिल्लो वर्षबाट जिम्मेवारी सरेका मुद्दामध्ये सम्बन्ध विच्छेदका मुद्दा सबैभन्दा बढी रहेका छन् ।

जिल्ला अदालत बागलुङका अनुसार एक वर्षमा रहेका कुल ८ सय ९३ मुद्दामध्ये ४ सय ७३ वटा सम्बन्ध विच्छेदका छन् । तीमध्ये ३ सय ८५ वटा फछ्र्योट भएका छन् भने ८८ वटा मुद्दा बाँकी छन् ।

जिल्ला न्यायाधीश सीता शर्मा अधिकारीका अनुसार पछिल्ला वर्षमा सम्बन्ध विच्छेदका मुद्दा बढ्दै गएका छन् ।

वैदेशिक रोजगारी, लामो समयसम्म श्रीमान–श्रीमतीबीच भेट नहुनु, सामाजिक सञ्जालको प्रयोग, देखासिकी तथा आर्थिक स्वार्थलगायत कारणले सम्बन्ध विच्छेदका घटना बढेको उनले बताइन ।

"मुद्दाको प्रकृतिका आधारमा देवानी मुद्दा सबैभन्दा बढी छन्, जसमध्ये सम्बन्ध विच्छेदका मुद्दा अधिक छन", न्यायाधीश अधिकारीले भनिन, "वैदेशिक रोजगारी र त्यसपछिका घटनाक्रम, सामाजिक सञ्जाल तथा लामो समयसम्म श्रीमान्–श्रीमतीबीच भेट नहुनुलगायत कारणले सम्बन्ध विच्छेदका मुद्दा बढेको देखिन्छ ।"

उनका अनुसार आर्थिक लाभका लागि विवाह तथा सम्बन्ध विच्छेद गर्ने, वैदेशिक रोजगारीका लागि विवाह गर्ने र विदेश गएपछि सम्बन्धमा आएको समस्या, पेन्सनलगायत आर्थिक प्रयोजनका कारणसमेत सम्बन्ध विच्छेद हुने गरेको पाइएको छ । अदालतमा आर्थिक वर्ष २०८२/८३ मा कुल ८ सय ९३ मुद्दामध्ये ६ सय ९६ मुद्दा फछ्र्योट भएका छन् भने १ सय ९७ मुद्दा बाँकी रहेका छन् । देवानीतर्फका ६ सय ३७ मुद्दामध्ये ५ सय ३ मुद्दा फछ्र्योट भएका छन् । विवाहसम्बन्धी ४८ मुद्दामध्ये ४१, लेनदेनका ३४ मध्ये २८, अंशबण्डाका ३९ मध्ये १९ तथा अन्य ४३ मध्ये ३० मुद्दा फछ्र्योट भएका छन् । सरकारीवादी फौजदारीतर्फका १ सय९२ मुद्दामध्ये १ सय ३९ फछ्र्योट भएका छन् भने ५३ मुद्दा बाँकी छन् । जबर्जस्ती करणीसम्बन्धी ३६ मुद्दामध्ये २३, लागूऔषधसम्बन्धी १२ मध्ये ११, सवारी ज्यानसम्बन्धी १५ मध्ये १२, बैकिङ कसुरका ३१ मध्ये २४ तथा ज्यान मार्ने उद्योगका १४ मध्ये आठ मुद्दा फछ्र्योट भएका छन् ।

चोरीसम्बन्धी नौवटै मुद्दा फछ्र्योट भएका छन् । बहुविवाहसम्बन्धी ११ मध्ये पाँच, बालविवाहसम्बन्धी चारवटै, कर्तव्य ज्यानसम्बन्धी आठमध्ये सात तथा गर्भपतनसम्बन्धी एउटा मुद्दा फछ्र्योट भएको अदालतले जनाएको छ । दुनियावादी फौजदारीतर्फका ५१ मुद्दामध्ये ४१ फछ्र्योट भएका छन् भने १० बाँकी छन् । जालसाजीका २३ मध्ये २०, चेक अनादरका १८ मध्ये १६ तथा घरेलु हिंसाका चारवटै मुद्दा फछ्र्योट भएका छन् । आर्थिक वर्षमा दर्ता भएका निषेधाज्ञासम्बन्धी पाँचवटै मुद्दा फछ्र्योट भएका छन् । बाँकी १ सय ९७ मुद्दा चालु आर्थिक वर्षमा जिम्मेवारी सरेर आएको अदालतले जनाएको छ ।

# जेसीज सप्ताहमा युवा सम्मानित

गलकोटपत्र/बागलुङ

बागलुङ जेसीजको 'जेसीज सप्ताह' शुभारम्भ भएको छ । समारोहको उद्घाटन कार्यक्रममा दुई युवा प्रतिभा सम्मानित भएका छन् ।

युवाको नेतृत्व क्षमता, व्यक्तित्व विकास, सामाजिक उत्तरदायित्व र सिर्जनशीलतालाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको सप्ताहको पहिलो दिन युवा सम्मान गरिएको थियो । कार्यक्रमको उद्घाटन बागलुङ जेसीजका पूर्वअध्यक्ष एवं बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्तकुमार श्रेष्ठले गरेका थिए । उद्घाटनपछि बोल्दै श्रेष्ठले युवाहरूलाई उत्प्रेरणा दिन आवश्यक रहेको बताउनुभयो । युवाहरुका विभिन्न प्रतिभा प्रोत्साहन लगायतका काममा जेसीजले हौसला प्रदान गर्दै आउनु प्रशंसनीय रहेको बताए ।

बागलुङ जेसीजले समाज रुपान्तरणमा योगदान पुर्‍याएको भन्दै ट्राभलर तथा युवा फोटोग्राफर सन्दीप शर्मा र सन्ध्या क्रिएसन बुटिक एण्ड मेकअप स्टुडियोका सञ्चालक तथा युवा व्यवसायी सन्ध्या राजभण्डारी श्रेष्ठलाई सम्मान गरेको हो । नगर प्रमुख श्रेष्ठ र जेसीजका अध्यक्ष अञ्जिला श्रेष्ठले संयुक्तरूपमा शर्मा र राजभण्डारीलाई सम्मान गरिएको थियो ।

जेसीजले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विभिन्न रचनात्मक गतिविधिसहित हरेक वर्ष जेसीज सप्ताह आयोजना गर्दै आएको छ । जेसीजका पूर्वअध्यक्ष दिवाकर शाक्यका बुबा कृष्णप्रसाद शाक्यको स्मृतिमा स्थापित कृष्णप्रसाद शाक्य स्मृति कोषबाट 'युवा सम्मान' प्रदान गरिएको हो । कार्यक्रममा जेसीजका पूर्वअध्यक्ष पार्वती अधिकारी, बोर्ड अफ ट्रष्टीका अध्यक्ष सुरेशप्रसाद श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए । जेसीज अध्यक्ष अञ्जिला श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष एवं मूल संयोजक सुलभ खड्काले स्वागत तथा महासचिव स्वीकृति भारीले सञ्चालन गरेका थिए । र्नुभएको थियो । यस वर्षको जेसीज सप्ताह भदौ ९ देखि १५ गतेसम्म सञ्चालन हुँदैछ । सप्ता

# बागलुङको एकीकृत जिन्सी राहत

गलकोटपत्र/बागलुङ

भाद्र १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावितका लागि बागलुङबाट राहत सामग्री पठाउने तयारी थालिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको शनिबार बसेको बैठकले राहत संकलन तथा वितरण समिति गठन गरी जिल्लाबाट एकीकृत रूपमा खाद्यान्न र लत्ताकपडासहित अत्यावश्यक राहत सामग्री पठाउन संकलन कार्य थालिएको हो ।

उद्योगी, व्यवसायी, बैंकर्स, राजनीतिक दल, होटल व्यवसायी, गैरसरकारी संस्था र यातायात व्यवसायीलगायतले आफ्नो संस्थाबाट जिन्सी राहत संकलन गरी बागलुङ उद्योग वाणिज्य संघमा जम्मा गर्ने र जिल्ला प्रशासन कार्यालयमार्फत धादिङको बैरेनी पठाउने तयारी गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालको संयोजनमा बसेको बैठकले बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजनकुमार शाक्यको संयोजकत्वमा १० सदस्यीय राहत संकलन तथा वितरण समिति गठन गरेको छ ।

समितिको सदस्यमा यातायात व्यवसायीबाट उमेश केसी, पत्रकार महासंघबाट खेमराज गौतम, गैरसरकारी संस्थाबाट शालिकराम शर्मा, बैंकर्सबाट श्रीजय श्रेष्ठ, औषधि व्यवसायीबाट खगेश्वर पौडेल, रेडक्रसबाट राजेन्द्र आचार्य, होटल व्यवसायीबाट ललिता थापा, प्रहरीबाट यमनारायण अर्याल र जिल्ला प्रशासन कार्यालयबाट खिमबहादुर विक रहेका छन ।

समितिले दुई दिनभित्र एक ट्रक खाद्यान्नसहित लत्ताकपडा संकलन गरी पठाउने निर्णय गरेको संयोजक शाक्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार ४०० बोरा चामल, १०० कार्टुन तेलसहित दाल, सोयाबिन, दालमोट, भुटेको मकै लगायतका तयारी खाद्य सामग्री र आवश्यक लत्ताकपडा संकलन गरी उद्योग वाणिज्य संघमा राखिएको छ । जिल्ला प्रशासन कार्यालयको संयोजनमा राहत सामग्री बैरेनी पठाइनेछ ।

# परदेशमा पसिना, आँखाभरि देश



✍...पार्वती पौड्याल पारु

‘कमाइ राम्रो हुन्छ, तर सजिलो हुँदैन।’ यो एउटा छोटो वाक्यभित्र परदेशमा रहेका लाखौं नेपालीका अनगिन्ती कथा लुकेका छन्। स्वदेशमा बस्नेहरूका लागि विदेश कहिलेकाहीं सुनको देश जस्तो देखिन्छ– राम्रो कमाइ, सुविधासम्पन्न जीवन र उज्ज्वल भविष्यको सपना। तर त्यो सपनाको अर्को पाटोमा पसिनाले भिजेका दिन, थकानले भारी भएका रात, एक्लोपनले भरिएका कोठा र घर सम्झेर चुपचाप बगेका आँसुहरु हुन्छन्।

अध्ययनका लागि विदेशिएका नेपाली विद्यार्थीको कथा त झनै संवेदनशील छ। उनीहरू पढ्न मात्र विदेशिएका हुँदैनन् आफ्नो परिवारको सपना बोकेर, ऋणको भारी काँधमा राखेर, भविष्यको आशा आँखामा सजाएर परदेशिएका हुन्छन्।

विमानस्थलमा बिदाइका हात हल्लाउँदा उनीहरूले आमाबुबालाई मुस्कान दिन्छन्, तर मनभित्र भने एउटा ठूलो डर हुन्छ– ‘अबको जीवन कस्तो होला ?’ परदेश पुगेपछि सपनाको वास्तविक परीक्षा शुरु हुन्छ।

दिउँसोमा कक्षा, रातमा काम। कहिलेकाहीं बिहानदेखि बेलुकासम्म अध्ययन, अनि बेलुकादेखि मध्यरातसम्म श्रम। कतिपयले दिनहुँ १०/१२ घण्टा काम गर्नुपर्छ। शरीर थाक्छ, आँखा पोल्छन्, खुट्टा दुख्छन्, मन भारी हुन्छ तर विश्रामका लागि समय हुँदैन। भोलिको कलेज शुल्क, घरको ऋण, कोठाको भाडा, खानपान र परिवारको अपेक्षाले थकित शरीरलाई फेरि उठाउँछ। कहिलेकाहीं उनीहरू मानिसभन्दा बढी रोबोट जस्ता देखिन्छन्– उठ्ने, काम गर्ने, पढ्ने, खाने, सुत्ने र फेरि त्यही चक्र दोहोर्‍याउने।

भावनाका लागि समय छैन, थकानका लागि छुट्टी छैन, आँसुका लागि एकान्त छैन। उनीहरू मुस्कुराउँछन्, किनकि घरमा फोन गर्दा ‘म ठिक छु’ भन्नुपर्छ। उनीहरू दुख्छन्, तर पीडा लुकाउँछन्, किनकि आमाबुबालाई चिन्ता गराउन चाहँदैनन्। परदेशमा रहेका नेपाली विद्यार्थीको सबैभन्दा ठूलो स□र्ष कहिलेकाहीं आर्थिक होइन, भावनात्मक हुन्छ।

घरमा आमा बिरामी हुँदा छुन सकिदैन। बुबाको जन्मदिनमा अँगालो हाल्न सकिदैन। चाडपर्व आउँदा घरको आँगन सम्झिन्छ। दशैंको टीका, तिहारको देउसी–भैलो, आमाको हातले पकाएको खाना, गाउँको बाटो, साथीहरूको जमघट– यी सबै सम्झनाहरू परदेशको सानो कोठामा आएर मनभरि बस्छन्। परदेशमा भौगोलिक दूरी मात्र हुँदैन, समय, परिस्थिति र भावनाको दूरी पनि भइरहेको हुन्छ।

देश छोडेर जानेहरूलाई कतिपयले ‘विदेश गएर रमाइरहेका छन्’ भन्छन्। तर उनीहरूको वास्तविकता बुझ्न एकपटक उनीहरूसँगै काम गर्नुपर्छ। उनीहरूको हातमा देखिने कमाइभन्दा पहिले हातमा परेको श्रमको कठोरता बुझ्नुपर्छ। बैङ्क खातामा जम्मा भएको रकमभन्दा पहिले शरीरबाट बगेको पसिना देख्नुपर्छ। विदेशमा कमाएको पैसा केवल पैसा होइन□ त्यसमा कसैको निद्रा मिसिएको हुन्छ, कसैको स्वास्थ्य, कसैको यौवन, कसैको पारिवारिक समय र कसैको अधुरो जीवन।

आज लाखौं नेपाली युवा अध्ययन, रोजगारी र भविष्यको खोजीमा विदेशिएका छन्। उनीहरू देशका सम्भावना हुन्। उनीहरूलाई देशले गुमाएका नागरिकका रुपमा होइन, भविष्यका दक्ष जनशक्तिका रुपमा हेर्नुपर्छ। तर विडम्बना के छ भने देशमा अवसरको अभावले उनीहरूलाई बाहिर जान बाध्य बनाउँछ र त्यहाँ पुगेपछि उनीहरूको श्रमले नेपालको अर्थतन्त्रलाई धानिरहेको हुन्छ।

विदेशबाट आउने रेमिट्यान्सले घर चलेको छ। गाउँका घरहरू बनेका छन्। छोराछोरी पढेका छन्। स्वास्थ्य उपचार भएको छ। व्यवसाय चलेका छन्। देशको विदेशी मुद्रा सञ्चितिमा योगदान पुगेको छ। तर प्रश्न उठ्छ– हामीले युवाको श्रम त लिइरहेका छौं, उनीहरूको भविष्यका लागि देशले के दिइरहेको छ ?

देशका युवा विदेशिनु अपराध होइन। विश्वसँग जोडिनु, नयाँ ज्ञान सिक्नु, नयाँ सीप हासिल गर्नु र अवसर खोज्नु स्वाभाविक कुरा हो। समस्या तब शुरु हुन्छ, जब देशमा बस्ने सम्भावना नै देखिँदैन। जब शिक्षित युवा आफ्नै देशमा रोजगारी खोज्दा निराश हुन्छन्, जब सीप अनुसारको काम पाइँदैन, जब श्रमको सम्मान हुँदैन, जब राजनीतिक पहुँच र नातावादले योग्यतालाई पछाडि पार्छ, जब उद्यम गर्न खोज्दा प्रशासनिक झन्झट र अस्थिर नीतिले निरुत्साहित गर्छ, त्यसपछि विदेश एउटा विकल्प मात्र रहँदैन, बाध्यता बन्न थाल्छ।

हामीले युवालाई दोष दिनुअघि उनीहरू किन गए भनेर सोध्नुपर्छ। उनीहरू देशलाई माया गर्दैनन् भनेर आरोप लगाउन सजिलो छ। तर देशलाई माया गर्नेहरू नै कहिलेकाहीं देशको अवस्था देखेर सबैभन्दा बढी पीडित हुन्छन्। परदेशमा बसेर नेपाली झन्डा हेर्दा उनीहरूको आँखामा आँसु आउँछ। राष्ट्रिय गीत सुन्दा छाती गर्वले फुल्छ। नेपाली भाषा बोल्ने मान्छे भेट्दा आफ्नै परिवार भेटे जस्तो लाग्छ। उनीहरू देशबाट टाढा छन्, तर देश उनीहरूको मनबाट कहिल्यै टाढा भएको हुँदैन। परदेशमा बसेका नेपालीको देशप्रेम प्रमाणित गर्न कुनै प्रमाणपत्र आवश्यक छैन। उनीहरूले पठाएको पैसा, परिवारका लागि गरेको त्याग र देशको अर्थतन्त्रमा दिएको योगदान आफैमा एउटा मौन राष्ट्रसेवा हो।

तर राष्ट्रसेवा रेमिट्यान्स पठाउनु मात्र होइन। राज्यको दायित्व पनि छ– विदेशिएका नागरिकको श्रम, सीप र ज्ञानलाई सम्मानपूर्वक राष्ट्र निर्माणसँग जोड्ने। सरकारले विदेश अध्ययनमा जाने विद्यार्थीका लागि स्पष्ट, पारदर्शी र प्रभावकारी सूचना प्रणाली विकास गर्नुपर्छ। कुन देशमा कुन विषय पढ्दा कस्तो अवसर छ ? कानूनी अधिकार के हुन् ? कामको सीमा कति हो ? आवास र स्वास्थ्य सम्बन्धी जोखिम के छन् ?

यी सबै बारे विद्यार्थीलाई विदेश जानुअघि नै विश्वसनीय जानकारी दिनुपर्छ। विदेशमा रहेका विद्यार्थीका लागि नेपाली दूतावास र कूटनीतिक नियोगहरू केवल कागजी काम गर्ने कार्यालय हुनुहुँदैन, भरोसाको घर बन्नुपर्छ। श्रमशोषण, मानसिक तनाव, कानूनी समस्या, दुर्घटना वा आपत्कालीन अवस्थामा उनीहरूले तत्काल सहयोग पाउने व्यवस्था हुनुपर्छ।

त्यसैगरी नेपालमा शिक्षा र रोजगारीको गुणस्तर सुधार गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो। विश्वविद्यालयहरूलाई अनुसन्धान, सीप र रोजगारीसँग जोड्नुपर्छ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्मानित र रोजगारीमुखी बनाउनुपर्छ। युवाले ‘पढेपछि विदेश जानुपर्छ’ होइन, ‘पढेपछि आफ्नै देशमा पनि सम्भावना छ’ भन्ने विश्वास गर्न सक्ने वातावरण बनाउनुपर्छ।

के हामी यस्तो देश बनाउन सक्छौं, जहाँ हाम्रा छोराछोरीले भविष्य खोज्न विदेश जानै पर्ने नहोस् ? यदि सक्छौं भने, त्यो काम आजैबाट शुरु गर्नुपर्छ। किनकि परदेशमा रहेका हाम्रा युवा केवल परिवारका सन्तान होइनन् उनीहरू राष्ट्रका सम्भावना हुन्।

राजनीतिक दलहरूले युवालाई भाषणको विषय मात्र होइन, नीतिनिर्माणको केन्द्र बनाउनुपर्छ। युवाको नाममा नारा लगाएर उनीहरूको भविष्यलाई राजनीतिक स्वार्थको सिंढी बनाउनुहुँदैन। स्थिर नीति, पारदर्शी शासन, भ्रष्टाचार नियन्त्रण, उद्यममैत्री वातावरण र उत्पादनमुखी अर्थतन्त्र निर्माण नगरी युवालाई देशमा रोक्न सकिँदैन।

आज विदेशमा रहेका नेपाली विद्यार्थीलाई ‘तिमीहरू फर्केर आऊ’ भन्नुअघि नेपालले उनीहरूलाई फर्किएपछि के दिन सक्छ भन्ने प्रश्नको उत्तर दिनुपर्छ। के उनीहरूले आफ्नो योग्यता अनुसारको रोजगारी पाउनेछन् ? के उनीहरूको सीपको सम्मान हुनेछ ? के उनीहरूले व्यवसाय शुरु गर्दा अनावश्यक झन्झट भोग्नुपर्ने छैन ? के उनीहरूको मिहिनेत राजनीतिक पहुँचभन्दा माथि मूल्याङ्कन हुनेछ ? यी प्रश्नहरूको जवाफ नदिई केवल भावनात्मक अपिलले युवालाई देश फर्काउन सकिदैन।

हामीले यस्तो नेपाल निर्माण गर्नुपर्छ, जहाँ विदेश जानु रहर होस्, बाध्यता होइन। जहाँ विदेशबाट फर्किएको सीपलाई अवसर मिलोस्। जहाँ युवाको श्रमलाई सम्मान होस्। जहाँ भविष्य खोज्न आफ्नै देश छोड्नुपर्ने बाध्यता कम हुँदै जाओस्।

परदेशमा रहेका विद्यार्थीलाई हामीले केवल पैसा पठाउने मेसिनका रुपमा हेर्नुहुँदैन। उनीहरू पनि सपना, संवेदना, थकान र पीडा बोकेका मानिस हुन्। उनीहरूले पनि घर सम्झिन्छन्। उनीहरूलाई पनि बिरामी पर्दा आमाको हात चाहिन्छ। उनीहरूलाई पनि कहिलेकाहीं कसैले सोधोस् भन्ने लाग्छ, ‘तिमी साँच्चिकै ठिक छौ ?’ त्यसैले, उनीहरूलाई केवल ‘कति कमायौ ?’ भनेर नसोधौं। कहिलेकाहीं सोधौं– ‘तिमीले आज कति घण्टा काम गर्‍यौ ?’, ‘तिमी धेरै थाकेका त छैनौ ?’, ‘तिम्रो पढाइ कस्तो भइरहेको छ ?’, ‘तिमीलाई कसैको सहयोग चाहिएको छ ?’

किनकि परदेशमा रहेका हरेक नेपालीको जीवनमा एउटा अदृश्य कथा हुन्छ। त्यो कथा बैङ्क स्टेटमेन्टमा देखिँदैन। त्यो कथा सामाजिक सञ्जालका मुस्कुराएका तस्बिरमा देखिँदैन। त्यो कथा उनीहरूको मौनतामा लुकेको हुन्छ।

उनीहरू परदेशमा पसिना बगाइरहेका छन्, तर आँखाभरि देश बोकेर। उनीहरू टाढा छन्, तर देशप्रतिको माया नजिकै छ। उनीहरू थाकेका छन्, तर परिवारको सपना पूरा गर्ने दृढता अझै बाँकी छ। उनीहरू रोबोट जसरी काम गरिरहेका छन्, तर उनीहरूको हृदय अझै मानवीय संवेदनाले भरिएको छ।

हामीले उनीहरूको कमाइ मात्र होइन, पीडा पनि बुझ्नुपर्छ। किनकि एउटा पुस्ता परदेशमा आफ्नो यौवन खर्च गरिरहेको छ– कसैको घर बनाउन, कसैको परिवार पाल्न, कसैको सपना पूरा गर्न र कहिलेकाहीं आफ्नै देशको अर्थतन्त्र धान्न। अब प्रश्न उनीहरूको मात्र होइन, हामी सबैको हो।

के हामी यस्तो देश बनाउन सक्छौं, जहाँ हाम्रा छोराछोरीले भविष्य खोज्न विदेश जानै पर्ने नहोस् ? यदि सक्छौं भने, त्यो काम आजैबाट शुरु गर्नुपर्छ। किनकि परदेशमा रहेका हाम्रा युवा केवल परिवारका सन्तान होइनन् उनीहरू राष्ट्रका सम्भावना हुन्।

राष्ट्रले उनीहरूको पसिनाको मूल्य बुझ्ने, उनीहरूको पीडालाई सुन्ने र उनीहरूको सीपलाई स्वदेशको विकास निर्माणमा जोड्ने दिनदेखि मात्र समृद्धिको वास्तविक यात्रा शुरु हुनेछ।

शाभारः अनलाइनखबर

**हटियामा...**

विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम समेत गराउने आदेश दिएअनुरुप सो प्रचलन चलेको हो भन्ने जनविश्वास छ ।

यस दिन पाप गरे मृत्युपश्चात् पनि सोही कर्म भोग्नुपर्छ भन्ने विश्वासका आधारमा आजको दिन कसैले पापकर्म गर्न नहुने मान्यता समेत रहेको छ ।

गाईजात्राका दिन दिवङ्गत भएका आफन्तको सम्झनामा गाईजात्राका सहभागीलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने परम्परा छ ।

**गुणस्तरीय...**

स्थानीय समुदाय र सरोकारवालाहरूबाट रचनात्मक सुझाव तथा टिप्पणी संकलन गर्ने कार्ययोजना तय गरिएको छ । यस कार्यशालाले विद्यालयको शैक्षिक वातावरण सुधार गर्न, सिकाइको स्तर उकास्न र विद्यालय तथा समुदायबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

**लोकमार्गमा...**

८० प्रतिशत भौतिक प्रगति र ६ किमि सडक कालोपत्र समेत भइको सडक पाँच पटक म्याद थप्दा समेत सम्पन्न हुन नसकेपछि रद्द गरिएको थियो । बागलुङ–बिहुँ खण्डको १३ किलोमिटर सडक २०७३ साल माघ १४ गते भारत/सिद्धिसाईसंग दुई वर्षमा सक्नेगरी रु. ४३ करोड ६५ लाखमा सम्झौता भएको थियो । ठेकेदारले रु. ३४ करोड ३ लाख भुक्तानी लिइसकेको छ भने सोही रकमबाट ९ करोड राज्यले पसन असुलउपर गर्नुपर्ने देखिएको हो ।

वर्षातका कारण सडक झनै बिग्रेको छ भने कालोपत्र गरेको क्षेत्रमा खाल्टाखुल्टी परेको छ । नेपाल सरकारका भौतीक पूर्वाधार मन्त्री सुनिल लम्सालले समेत उक्त सडकको अनुगमन गरेका थिए ।

**गाँजा...**

गर्नु पर्दछ ।

गाँजाको विज्ञापन तथा प्रायोजन गरी नागरिकलाई भ्रममा पार्न पाइँदैन । त्यस्तै १८ वर्षभन्दा कम उमेरका व्यक्तिर गर्भवती महिलालाई गाँजा खेतीमा संलग्न गराउन पाइँदैन । यदि गाँजा खेतीको वैधताले सोचे बमोजिम नतिजा हाँसिल गर्न नसकेमा वा गाँजाका कारण देशमा शान्ति र सुरक्षा खस्कदै गएमा यसको नियन्त्रण र निषेध पनि तत्काले गर्नु पर्दछ । यसतर्फ गण्डकी प्रदेशको ध्यान जान जरुरी छ । गाँजा खेती सोचे बमोजिम सजिलै गर्न सकिने अवश्य छैन । यसमा कडा कानुनी प्रक्रिया र नैतिकता अपनाएरमात्र खेती गर्ने र व्यवस्थापन गर्न सकिन्छ । जसमा राज्यको निरन्तर निगरानी आवश्यक पर्दछ । गाँजा खेती र यसको प्रयोगलाई जसरी व्याख्या गरे पनि यो एक जटिल र संवेदनशील विषय हो ।

औषधी उत्पादन, वैज्ञानिक अनुसन्धान र औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमित र व्यवस्थित गर्ने र

# शिक्षकलाई कम्प्युटर तालिम

गलकोटपत्र/हटिया

गलकोटमा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षक–शिक्षिकाका लागि ४५ दिने आधारभूत कम्प्युटर तालिम सुरु भएको छ ।

गलकोट सामुदायिक सिकाइ केन्द्र, गलकोट नगरपालिका वडा नम्बर ३ हटियाको आयोजना तथा गलकोट नगरपालिकाको आर्थिक सहयोगमा गलकोट माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्बर ३ मा तालिम सुरु भएको हो ।

तालिमको उद्घाटन गर्दै गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले पछिल्लो समय शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको बताए ।

उनले शिक्षकहरू प्रविधिमैत्री बन्न सकेमा शिक्षण सिकाइ प्रक्रिया अझ प्रभावकारी र गुणस्तरीय हुने धारणा व्यक्त गरे । नगरपालिकाले स्थानीय स्तरमै प्रविधिमैत्री शैक्षिक वातावरण निर्माण गर्दै शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकताका साथ अघि बढाइरहेको बताउँदै उहाँले यस्ता तालिमले शिक्षकको क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा गलकोट नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष फम बहादुर खत्री, कालिलेक सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष चन्द्रदत्त रेग्मी, गलकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक रामबहादुर खत्री, प्रशिक्षक तथा महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक रेम कार्की, शिव माध्यमिक विद्यालय काँडेवासका प्रधानाध्यापक हरि चालिसेले शुभकामना मन्तव्य राखेका थिए । गलकोट नगरपालिका वडा नम्बर ३ र वडा नम्बर ८ का सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षक–शिक्षिकालाई लक्षित गरी सञ्चालन गरिएको तालिम ४५ दिन अर्थात् ९० घण्टा प्रत्येक दिन बिहान ६:३० बजेदेखि २ घण्टा सञ्चालन हुने जनाइएको छ । तालिमको गलकोट नगरपालिकाका आईटी अफिसर राजु साहानी, महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक रेम कार्की र गलकोट माध्यमिक विद्यालयका कम्प्युटर शिक्षक मदन खत्रीले प्रशिक्षण गर्ने जनाईएको छ ।

कार्यक्रम गलकोट नगरपालिका वडा नम्बर ३ का वडा सदस्य खिम साहानीको अध्यक्षता, गलकोट सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष पदम श्रेष्ठको स्वागत र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता सरिता खत्रीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# विद्यार्थी सामान्यज्ञान

१. रामले भात खान्छ । यस वाक्यलाई पूर्ण भविष्यत् कालमा रुपान्तरण गर्दा के हुन्छ ?

☛ रामले भात खाएको हुनेछ ।

२. नेपाली साहित्यमा युवा कवि भनेर कसलाई चिनिन्छ ?

☛ मोतिराम भट्ट

३. 'सहिदको सम्झना' कविताका लेखक को हुन ?

☛ भूपि शेरचन

४. नेपालमा हाल कतिवटा वन्यजन्तु आरक्ष रहेका छन् ?

☛ १ वटा (कोशी टप्पु बन्यजन्तु आरक्ष)

५. नेपालको सबैभन्दा ठूलो उपत्यका कुन हो ?

☛ काठमाडौँ उपत्यका

६. पृथ्वीमा अक्षांश रेखा कति वटा रहेका छन् ?

☛ १८० वटा

७ पृथ्वीको प्राकृतिक उपग्रह कुन हो ?

☛ चन्द्रमा

८. विद्युत प्रवाह नहुने पदार्थलाई के भनिन्छ ?

☛ कुचालक

९. ओजन तहले कुन हानिकारक किरणबाट बचाउँछ ?

☛ पराबैजनी किरण ९गतिचबखष्यभित चबथ0

१०. अनुष्टुप छन्दमा कति वटा अक्षर रहेका हुन्छन् ?

☛ ‸१६ अक्षर

११ यस्तो कहिल्यै नहोस् मनोवादमा सन्तमानले २५ लाखको लोभमा कति गुमाउनु पर्‍यो ?

☛ ‸५ लाख

१२ पूर्वी नेपालमा अत्याधिक पानी पर्‍यो र कोशी नदीमा ठूलो बाढी आयो । यो कुन प्रकारका वाक्य हो ?

☛ ‸संयुक्त वाक्य

१३. नेपालमा हालसम्म कतिजना व्यक्तिलाई राष्ट्रिय विभूति घोषणा गरिएको छ ?

☛ ‸१८ (अठार)

१४. नेपालमा राष्ट्रिय जनगणना कति वर्षको अन्तरमा हुने गर्दछ ?

☛ ‸१० (दश) बर्ष

१५. नेपालको सबैभन्दा बढी उचाइमा रहेको राष्ट्रिय निकुन्ज कुन हो ?

☛ सगरमाथा राष्ट्रिय निकुन्ज

१६. मानव शरीरको सबैभन्दा ठूलो ग्रन्थी कुन हो ?

☛ ‸कलेजो

१७ सबैभन्दा कडा प्राकृतिक पदार्थ कुन हो ?

☛ हिरा

१८ हाईड्रोक्लोरिक अम्ल शरीरको कुन भागमा हुन्छ ?

☛ आमाशय (पेट)

१९ नेपालको संविधान कहिले जारी भएको हो रु

☛ वि.सं २०७३ असोज ३ गते

२० सेतो रगत हुने प्राणी के हो ?

☛ साङ्लो

# साहित्य सिर्जना

## मानुषी

– पारिजात

तिमी जति गर्न सक्छौ
त्यति म पनि गर्न सक्छु
तिमी जत्तिकै पाखुरी बजार्न सक्छु
पसिना बगाउन सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति
तर इतिहासले आज
कहाँ ल्याएर पछार्यो कुन्नि मलाई
तिमी त मभन्दा कोसौं अघि गइसकेछौ ।

तिमी र म एउटै होइनौं
एक–अर्काका पूरक मात्र हौं
त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका
भागिदार हुन सक्दैनौ
म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको
सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भधारणको
अतिशय पट्यारलाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोग्नुपर्दैन

हो, म तिमीबिना आमा बन्न सक्तिनँ
तर मैले तिमीलाई बाबु बन्ने श्रेय दिएकी छु
तथापि तिमी त्यो नैसर्गिक मातृत्व बुझ्दैनौ
त्यो मेरो, नितान्त' मेरो अनुभूति हो ।

तिमीलाई स्वास्नीमान्छेले बलात्कार गर्‍यो ?
तिमीलाई स्वास्नीमान्छेले
कलंकको टीका लगाइदियो ?
तिमीलाई स्वास्नीमान्छेले बेच्यो ?
तिमी निरुत्तर छौ यस प्रश्नको अघि,
आजको सत्तारूढ तिमी
शताब्दी–शताब्दीअघि
झगडालु, ईर्ष्यालु वनमानुष तिमीलाई
माया र सह–अस्तित्वको अँगालोमा बाँधी
आफ्नो ओढारको छानुमुनि भित्र्याएकी थिएँ
जसरी आज तिमी
दाइजोको लावा–लस्करसँग घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रुवाउँदै भित्र्याउने गर्छौ ।

त्यसैले तिमी यति विमुख न हौ
यति निर्दयी नबन,
यति बैगुनी न हौ,
तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौं
हामी मानसिकताले एकाकार हौं
हामी एक–अर्का बिना बाँच्न सक्ने प्राणी होइनौं
म तिम्रो हात दह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुर्‍याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदिकालमा पुर्‍याइसकेकी थिएँ ।

# तीजको खर्च बाढी पीडितलाई

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. १, दुदिलाभाटीका महिलाहरूले यस वर्षको हरितालिका तीज पर्वमा सार्वजनिक कार्यक्रम नगरी त्यसको खर्च बाढी प्रभावितहरूको उद्धार तथा राहतमा सहयोग गर्ने निर्णय गरेका छन् । तीजको अवसरमा हुने नियमित सार्वजनिक कार्यक्रमलाई स्थगित गर्दै रमाइलो ग्रुप दुदिलाभाटीमा आबद्ध दिदीबहिनीहरूले रकम संकलन गरी भोटेकोशी बाढी प्रभावितहरूका लागि रु. ३० हजार आर्थिक सहयोग गरेका हुन् ।

महिला समाजसेवी सुमित्रा कार्कीका अनुसार समूहमा आबद्ध महिलाहरूले आपसमा रकम संकलन गरी उक्त सहयोग उपलब्ध गराएका हुन् । तीजमा हुने अनावश्यक खर्च कटौती गर्दै विपदमा परेका नागरिकलाई सहयोग गर्ने उद्देश्यले यो अभियान सञ्चालन गरिएको कार्कीले बताइन । बाढीका कारण प्रभावित परिवारको उद्धार तथा राहतका लागि सहयोग आवश्यक भइरहेका बेला दुदिलाभाटीका महिलाहरूले तीजलाई सामाजिक सेवासँग जोड्दै आर्थिक सहयोग प्रदान गरेका हुन् । तीज पर्वलाई मनोरञ्जन र उत्सवका रूपमा मात्रै नभई सामाजिक उत्तरदायित्व र मानवीय सहयोगको अवसरका रूपमा समेत उपयोग गर्न सकिने सन्देश उनीहरूको यस कार्यले दिएको छ ।

# बाढी पीडितलाई सहकारीको सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्वर ३, हटिया बजारमा रहेको गलकोट बहुउद्देश्यीय सहकारी संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३३ हजार ३ सय ३३ रुपैयाँ सहयोग गरेको छ ।

संस्थाको आज बसेको सञ्चालक समितिको बैठकले सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो । भदौ १० गते बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको छ । बाढीका कारण रसुवा, नुवाकोट र धादिङ लगायत जिल्लाका तटीय क्षेत्र प्रभावित भएका छन् ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका कार्यलाई तीव्रता दिँदै सरकारले प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमार्फत सहयोग गर्न अपिल गरेको थियो ।

सरकारको उक्त अपिलसँगै विपद्मा परेका नागरिकलाई सहयोग गर्ने उद्देश्यले संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक सहयोग गरेको सहकारीले जनाएको छ । संस्थाले आगामी दिनमा पनि विपद् तथा सामाजिक कार्यमा आफ्नो तर्फबाट सहयोगलाई निरन्तरता दिने जनाएको छ ।

# गाउँपालिकाको बाढी पीडितलाई सहयोग

गलकोटपत्र/हटिया

ताराखोला गाउँपालिकाले बाढी प्रभावित जिल्लालाइ १/१ लाख सहयोग गर्ने भएको छ । रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा र नुवाकोट जिल्लाका नागरिकको राहत तथा उद्धारका लागि ताराखोला गाउँपालिकाले दुई लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष धन बहादुर वि.क(हिमाल)ले जानकारी दिए । बुधबार बसेको ताराखोला गाउँपालिका कार्यपालिका बैठकले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट नुवाकोट र रसुवा जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति भएकोप्रति गहिरो दुःख व्यक्त गरेको छ ।

बैठकले बाढीका कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । साथै, घटनामा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । विपद्को कठिन अवस्थामा प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले कार्यपालिका बैठकले रसुवा र नुवाकोट जिल्लाको सम्बन्धित विपद् व्यवस्थापन कोषमा प्रति जिल्ला रु. १ लाखका दरले कुल रु. २ लाख नगद राहत रकम जम्मा गर्ने निर्णय गरेको र जिल्ला प्रशासन कार्यालय बागलुङमार्फत पठाइने प्रमुख प्रशासकीय अधिकृत विमल रिजालले जानकारी दिए । प्राकृतिक विपद्का बेला मानवीय सहयोग र सहकार्य आवश्यक रहेको उल्लेख गर्दै गाउँपालिकाले प्रभावित क्षेत्रमा राहत र उद्धार मा जुट्न अपिल समेत गरेको छ ।

# मल्ममा योग विज्ञान शिविर

गलकोटपत्र/मल्म

गलकोट नगरपालिका वडा नं. ७ आँगाखेतमा एकहप्ते योग विज्ञान शिविर सुरु भएको छ । सिर्जनशील आमा समूह आँगाखेत र खड्ग कालिका टोल विकास संस्थाको आयोजना तथा गलकोट नगरपालिका वडा नं. ७ वडा कार्यालयको समन्वयमा शिविर सञ्चालन गरिएको हो

शिविरमा पतञ्जली योग समिति बागलुङका प्रभारी तथा योग प्रशिक्षक हिराबहादुर के.सी.ले प्रशिक्षण दिइरहनुभएको छ । शिविरमा स्थानीयवासी, आमा समूहका सदस्य, शिक्षक तथा विद्यार्थी लगायतको सहभागिता रहेको छ ।

योग शिविर बिहान ४ बजेदेखि ६ बजेसम्म आँगाखेतमा र दिउसो ४:३० बजेदेखि ६ बजेसम्म घुम्टे सभाहलमा सञ्चालन भइरहेको आयोजकले जनाएको छ । योग तथा ध्यानमार्फत शारीरिक र मानसिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले शिविर आयोजना गरिएको गलकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राज बहादुर थापाले बताए ।

# गलकोट भलिवल संघ गठन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका भलिवल संघको अध्यक्षमा होम बहादुर थापा चयन हुनुभएको छ ।

जिल्ला भलिवल संघ बागलुङ अन्तर्गत रहेको बागलुङ जिल्ला भित्रका पालिका भलिवल संघहरु मध्ये गलकोट नगरपालिका भलिवल संघको अधिवेशनले थापाको अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा बसन्त भण्डारी, महिला उपाध्यक्षमा अनिता घर्ती, सचिवमा महेन्द्र खड्का, कोषाध्यक्षमा सागर खत्री, सहसचिवमा प्रकाश सुनार सदस्यहरुमा सरोज थापा, मनोज घर्ती, भावना घर्ती, उत्तम मल्ल, हिरा खत्री, याम काला मगर, अपिल श्रेष्ठ, खगेन्द्र खत्री र विमल भण्डारी रहेका छन ।

# वीरकोटमा श्रद्धाञ्जली सभा

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ८ काँडेबास बिर्कोटमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ८ वडा कमिटीको आयोजनामा पार्टीका वडा समिति सदस्य मन बहादुर दर्लामीका ममतामयी माता उमा दर्लामीको नवौं दिनको पूण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको हो । सभामा नेपाली कम्युनिष्ट पार्टी गलकोट नगर संयोजक गंगा बहादुर भुजेल, पार्टीका गलकोट नगर सह–ईन्चार्ज शेर बहादुर खड्काले स्व. दर्लामीले समाज, समुदाय तथा पार्टीप्रति पुर्‍याउनुभएको योगदानको स्मरण गर्दै उनको निधनले पार्टी, परिवारजन तथा समग्र समाजमा अपूरणीय क्षति पुगेको बताउँदै शोकको यस घडीमा परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गरेका थिए ।

त्यस्तै पार्टीका वडा कमिटी संयोजक पदम सलामीले श्रद्धाञ्जली फ्रेम वाचन गरी परिवारलाई हस्तान्तरण गर्नुभएको थियो ।

श्रद्धाञ्जली सभा नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ८ वडा समिति संयोजक पदम सलामीको अध्यक्षता र पार्टीका पूर्व वडा समिति अध्यक्ष डम्बर बहादुर सलामीको सञ्चालनमा सम्पन्न भएको थियो ।




## बाढी र डुबान हुनु पूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाँउ, चौर र सार्वजनिक भवनबारे थाहा पाई राखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा लाइफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधैं मोबाइलमा पर्याप्त व्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्था बारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष–विरेन्द्र श्रेष्ठ, सम्पादक– दिनेश पन्त, व्यवस्थापक– शर्मिला रोका मगर, कार्यकारी सम्पादक–वीरबहादुर चोखाल (९८५७६२५४४५)
कम्प्यूटर– सुमित कुँवर, ९८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका–३, हटिया, फोन नं.: ०६८–४१२०४२, ४१२०४३, ईमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ